मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : १४७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८३ बैशाख ३ गते विहीबार (Thursday, 16 April. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## १० हजारभन्दा बढी अनलाइन सट्टेबाजी एप बन्द

**काठमाडौँ, वैशाख २।** अनलाइन सट्टेबाजीसँग सम्बन्धित १० हजारभन्दा बढी एप्लिकेशन (एप) र वेबसाइट (यूआरएल) बन्द गरिएको छ।

अवैध रूपमा सञ्चालनमा रहेका सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइटहरू पहिचान गरी बन्द गरिएको हो। सबैजसो इन्टरनेट सेवा प्रदायकले हालसम्म १० हजारभन्दा बढी यस्ता एप र वेबसाइट बन्द गरिसकेको जानकारी गराएका छन्। नेपाल टेलिकमले सबैभन्दा धेरै २१ हजारभन्दा बढीको संख्यामा बन्द गरेको छ। मन्त्रिपरिषद्को यही चैत १३ गतेको बैठकबाट स्वीकृत

*(बाँकी अन्तिम पृष्ठमा)*

## झापामा ४२७ जनाको मृत्यु

**झापा, वैशाख २।** चालूआर्थिक वर्ष शुरु भएयता विभिन्न घटनामा परी झापामा ४२७ जनाको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय झापाका अनुसार सो अवधिमा विभिन्न घटना र प्रकृतिका एक हजार ३ सय ३३ वटा मुद्दा दर्ता भएका छन्।

दर्ता भएका मुद्दामध्ये ७ सय ७० वटा फछ्र्यौट भइसकेका छन् भने ५ सय ५३ वटा मुद्दा फछ्र्यौट हुन बाँकी रहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक गुरु तिम्सिनाले जानकारी दिए।

प्रहरीका अनुसार चालूआर्थिक वर्ष २०८२/०८३मा झापामा डुबेर मात्रै १७ जनाको मृत्यु भएको छ। तीमध्ये १० पुरुष, ५ महिला र २ बालक रहेका छन्। त्यसैगरी करेन्ट लागेर १७ जनाको मृत्यु भएको छ, जसमा १४ पुरुष र ३ महिला रहेका छन्। अधिकांशको मृत्यु माछा मार्ने क्रममा करेन्ट लागेर भएको प्रहरीको तथ्यांकमा उल्लेख छ।

यसैबीच छतबाट लडेर एक जनाको मृत्यु भएको छ भने आगलागीमा एक पुरुष र एक महिला गरी दुई जनाले ज्यान गुमाएका छन्। विभिन्न घटनामा परी उपचारका क्रममा ६ जनाको मृत्यु भएको छ भने सुतेकै अवस्थामा एक जनाको मृत्यु भएको छ।

हात्तीको आक्रमणमा परी दुई जना, सिसाले काटेर एक जना, चट्याङ लागेर एक जना, खोलाले बगाएर तीन जना र सर्पदंशबाट दुई जनाको मृत्यु भएको छ। त्यस्तै ३४ जना मृत अवस्थामा फेला परेका छन्, जसमा ३१ पुरुष, २ महिला र १ बालक रहेका छन्।

प्रहरीका अनुसार झुण्डिएर आत्महत्या गर्नेको संख्या झापामा उच्च रहेको छ। जसअन्तर्गत १२५ पुरुष, ४९ महिला, ४ बालक, १२ बालिका, २ विदेशी पुरुष र १ विदेशी बालिकाले आत्महत्या गरेका छन्। विष सेवन गरेर १४ पुरुष र ४ महिलाले ज्यान गुमाएका छन् भने आफ्नै शरीरमा आगो लगाएर एक जना र घाँटीमा सल बेरेर एक जनाले आत्महत्या गरेका छन्।

यता भवितव्य ज्यानसम्बन्धी ४० वटा मुद्दा दर्ता भएका छन्। ती घटनामा ३५ पुरुष, २ महिला, २ बालक र १ बालिकाको मृत्यु भएको छ। सवारी भवितव्य ज्यानसम्बन्धी १२ वटा मुद्दा, बेवारिसे ज्यानसम्बन्धी ५, ज्यानसम्बन्धी कसुरका १५, सवारी अंगभंगका १२ र कुटपिट अंगभंगका एक मुद्दा दर्ता भएका छन्।

जबरजस्ती करणीका ५३ वटा मुद्दा दर्ता भएकोमा ३८ वटा फछ्र्यौट भएका छन् भने १५ वटा मुद्दा फछ्र्यौट हुन बाँकी छन्। यसमा ३८ स्वदेशी पुरुष पक्राउ परेका छन् भने १५ विदेशी पुरुष फरार रहेका छन्। जबरजस्ती करणी उद्योगका मुद्दामा ६ जना पक्राउ परेका छन् भने एक विदेशी फरार रहेको प्रहरीले जनाएको छ।

बाल यौन दुर्व्यवहारका १३ वटा मुद्दा दर्ता भएका छन् र सबै घटनामा संलग्न १३ जना स्वदेशी पुरुष पक्राउ परेका छन्। अप्राकृतिक मैथुनसम्बन्धी एक मुद्दामा एक जना पक्राउ परेका छन्। जिल्लामा लागूऔषधसम्बन्धी २०२ वटा मुद्दा दर्ता हुँदा २९० स्वदेशी पुरुष, २४ स्वदेशी महिला र १४ विदेशी पुरुष पक्राउ परेका छन् भने १५ विदेशी पुरुष फरार रहेका छन्।

त्यसैगरी अभद्र व्यवहारका १९८, चोरीका ११५, डाकासम्बन्धी १, चोरी उद्योगका २ र हातहतियार खरखजना सम्बन्धी ४ वटा मुद्दा दर्ता भएका छन्। बैंकिङ कसुरका १४९, ठगीका ३९, बहुविवाहका १५, जुवासम्बन्धी ५, हुण्डीका १, आपराधिक उपद्रवका ३७, आपराधिक विश्वासघातका ७, आपराधिक षड्यन्त्रका १, विद्युतीय अपराधका ३, अपहरण तथा शरीर बन्धकका ३, अपहरण गरी शरीर बन्धक बनाएका २, मानव बेचबिखनका २, आत्महत्या दुरुत्साहनका १ र लिखतसम्बन्धी कसुरका ३ वटा मुद्दा दर्ता भएका छन्।

यस्तै राहदानी किर्ते १, सरकारी छाप तथा दस्तखत किर्ते २, राज्यबिरुद्ध कसुरका २, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थासम्बन्धी १, अमानवीय व्यवहार १, गर्भपतन १ र पशुपक्षीसम्बन्धी कसुरका १ मुद्दा दर्ता भएका छन्।

# बुलेट भरी, सिलिण्डर आधा

## उपभोक्ताले कहिलेबाट पाउँछन् पूरा सिलिण्डर ग्यास ?

**झापा, वैशाख २।** मध्यपूर्वमा उत्पन्न भूराजनीतिक तनावका कारण एलपी ग्यास आपूर्ति प्रणाली प्रभावित भएको भन्दै नेपालमा खाना पकाउने ग्यासको वितरण व्यवस्थापन फेरि विवादमा परेको छ।

यही परिस्थितिलाई आधार बनाउँदै नेपाल आयल निगमले हाल लागू गरेको आधा सिलिन्डर (अर्ध सिलिन्डर) बिक्री प्रणालीलाई निरन्तरता दिने संकेत गरेपछि ग्यास उद्योगीहरू भने पूर्ण १४.२ केजीको सिलिण्डर बिक्री गर्न दिनुपर्ने मागसहित आक्रोशित बनेका छन्।

अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि इरानले होर्मुजको जलमार्ग बन्द गरिदिएको अवस्थाले अन्तर्राष्ट्रिय आपूर्ति श्रृंखलामा असर पारेको हो। यही कारण देखाउँदै सरकारले गतफागुनको अन्त्यदेखि ग्यास आपूर्तिमा जोखिम व्यवस्थापनका लागि अर्ध सिलिण्डर




बिक्री प्रणाली लागू गरेको थियो।

तर ग्यास उद्योगीहरूको छाता संगठन नेपाल एलपी ग्यास उद्योग संघका अनुसार उद्योगहरू अहिले पूर्ण रूपमा सञ्चालन गर्न सक्ने अवस्थामा छन्। संघका अध्यक्ष दिवानबहादुर चन्दले देशभरका सबै उद्योगका बुलेट तथा भण्डारण ट्याङ्कीहरू भरिसकेको भन्दै अर्ध सिलिण्डर प्रणालीले बजारमा रहेको ग्यास पनि बिक्री हुन नसकेको दाबी गरेका छन्। उनका अनुसार हामीसँग भएका बुलेटहरू सबै भरिए। भण्डारण गर्ने ट्याङ्कीहरू पनि भरिएपछि खाली गर्न नसक्ने अवस्था आयो। आवतजावत समेत कम भयो। उनले सरकारले अझै निर्णय नगरेको भन्दै आक्रोश व्यक्त गर्दै भारततर्फबाट हुने आपूर्तिमा समेत ३० प्रतिशत कटौती भएको जानकारी आफूहरूले पाएको बताए।

उद्योगीहरूले हाल १४.२ केजीको पूर्ण सिलिन्डर बिक्री गर्न अनुमति दिन लिखित रूपमा सरकारलाई माग गरेका छन्। शुक्रवारसम्मको समयसीमा दिँदै माग पूरा गर्ने निर्णय नभए ग्यास बिक्री नै रोक्ने वा पुरानै प्रणालीमा फर्किने चेतावनी समेत दिएका छन्। तर, नेपाल आयल निगमले भने तत्काल पूर्ण

*(बाँकी अन्तिम पृष्ठमा)*

## बालिका हराएको सूचना



झापाको अर्जुनधारा नगरपालिका–११ लक्ष्मीधाप बस्ने **हरिमाया खड्का** नाम गरेकी बालिका घरबाट माता मन्दिर दादाकोमा जान्छु भनी २०८२ चैत २९ गते हिंडेकी र हालसम्म सम्पर्कमा नआएकी हुनाले देख्नु वा भेट्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय अथवा निम्न सम्पर्क नम्बरमा जानकारी गरिदिनुहुन विनम्र अनुरोध गर्दछु।

- अन्दाजी उचाई ५.१ इञ्च भएकी
- रातो वर्णकी
- कालो रंगको कपाल तथा आँखा भएकी
- बर्ष १५ की

बुबाः डम्बरबहादुर खड्का (९७६७१७३१३१)

## सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।

**सामाजिक सञ्जालमा**

- जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुर्‍याउने,
- जातीय भेदभाव, छूवाछूत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने,
- शान्ति सुरक्षा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरुको प्रकाशन, प्रशारण र प्रदर्शन गर्ने
- जनमानसमा भ्रम सिर्जना गर्ने

**जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्नुहुँदैन। यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन्।**

**नेपाल सरकार विज्ञापन बोर्ड**

नव बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त चिकित्सकहरु, कर्मचारीहरु, सेवाग्राहीहरु, सरकारी तथा गैह्र सरकारी संघ–संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु–स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।






जलकुमार गुरुङः अध्यक्ष

मेची आँखा अस्पताल

Mechi Eye Hospital

बिर्तामोड (सैनिकमोड), झापा

नव बर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा समस्त विद्यालयहरु, भद्रपुरवासी, अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह्र सरकारी संघ–संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु–स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

भक्त कार्कीः अध्यक्ष

एवम् भद्रपुर प्याब्सन परिवार

झापा

## कोशी प्रदेश सरकार
### आन्तरिक मामिला तथा कानून मन्त्रालय
विराटनगर

**मौसमसबन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं**

- मौसम तथा जलवायु सम्बन्धी सूचना लिने र दिने गरौं।
- मौसम पूर्वानुमानको जानकारी नियमित रुपमा लिऔं,
- प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
- जलवायु परिवर्तनका असर घटाउन सामुहिक प्रयास गरौं,
- वन संरक्षण र बृक्षरोपणमा सक्रिय सहभागिता जनाऔं,
- ऊर्जा बचत र स्वच्छ ऊर्जाको प्रयोग बढाऔं,
- वातावरण प्रदुषण नियन्त्रणमा जिम्मेवार बनौं,
- वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं।

## जनहितमा जारी सूचना

१) हाम्रो स्वास्थ्य हामी वरपरको वातावरण, पशुपन्छी र वनस्पतिसँग गहिरो रुपमा जोडिएको छ। त्यसैले
   - क) सकेसम्म हिँड्ने, साइकल चलाउने, सार्वजनिक यातायातको प्रयोग गरी ऊर्जाको बचत गर्ने बानी बसालौं।
   - ख) घरपालुवा जनावरहरुलाई नियमित रुपमा खोप लगाऔं।
   - ग) विश्वसनीय विक्रेताहरुबाट मात्र खाद्यवस्तुहरु खरिद गरौं।
   - घ) चिकित्सक वा स्वास्थ्यकर्मीको सिफारिसमा मात्र एन्टीबायोटिक औषधि सेवन गरौं।
   - ङ) वन्यजन्तुलाई सुरक्षित राख्नुहोस् र जनावरहरुको अवैध व्यापारबाट टाढा रहौं।
   - च) अफवाहको भरमा नभई विश्वसनीय स्रोतबाट जानकारी लिऔं।

२) सार्वजनिक सम्पत्तिको संरक्षण गरौं, वडा क्षेत्रमा हुने आपराधिक गतिविधि नियन्त्रण गर्न सहयोग पुर्‍याऔं।

३) आपराधिक मनोवृत्तिका अपरिचित एवम् शंकास्पद मानिस देखिएमा प्रहरीलाई खबर गरौं।

४) जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद, बसाइँसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्रमा अनिवार्य निःशुल्क दर्ता गरौं। दर्ता प्रमाण–पत्र सुरक्षित राखौं। यो प्रमाण–पत्र तपाईले भविष्यमा सरकारी सेवामा प्रमाणको रुपमा पेश गर्न सक्नुहुनेछ।

५) कर समयमै तिरी जरिवानाबाट बचौं।

६) वडा क्षेत्रमा जथाभावी फोहोरमैला नफालौं। वडा क्षेत्रको सार्वजनिक शौचालय प्रयोग गर्दा सरसफाईमा ध्यान दिऔं।

७) यस वडा क्षेत्रभित्र रहेको एतिहासिक मठमन्दिर,गुम्बा, विद्यालय जस्ता सार्वजनिक स्थलहरुको संरक्षण र सरसफाई गरौं।

८) आइपर्ने विपतलाई ध्यानमा राखी आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**कमला शिवाकोटी** – वडा सचिव

वडा सदस्यहरुः **ऋषिप्रसाद घिमिरे, मनोज थापा रैकामगर, सरु बुढाथोकी, सुजाता रसाइली**

**कुमार उप्रेती** – वडाध्यक्ष

एवम्

**अर्जुनधारा नगरपालिका वडा नं. ८ को कार्यालय परिवार**

शनिश्चरे बजार, अर्जुनधारा, झापा

**पूर्वाञ्चल इण्डष्ट्रिज प्रा.लि.द्वारा खाद्य पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्नको लागि**

## प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रथमपटक प्रकाशित मितिः २०८३/०१/०३)

कोशी प्रदेश,झापा जिल्ला, झापा गाउँपालिका, वडा नं. ५ मा पूर्वाञ्चल इण्डष्ट्रिज प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पुर्वाञ्चल इण्डष्ट्रिज प्रा.लि. कन्काई नगरपालिका, वडा नं. ०३, झापा जिल्ला, कोशी प्रदेश, नेपाल फोन नः ९८०२९२५९११ |
| प्रस्तावको व्यहोरा | कोशी प्रदेश, झापा जिल्ला, झापा गाउँपालिका, वडा नं. ५ मा पूर्वाञ्चल इण्डष्ट्रिज प्रा.लि. द्वारा दैनिक उपभोग्य खाद्य पदार्थहरु जस्तैः दाल, चामल, पिठो, आँटा, सुजी आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने। |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./ गा.पा. | कोशी प्रदेश, झापा जिल्ला, झापा गाउँपालिका, वडा नं. ५ |

वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ को उपदफा (५) र वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ बमोजिम माथि उल्लेखित प्रस्तावको कार्यान्वयनबाट आयोजना क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक र आर्थिक प्रणालीमा पर्न सक्ने प्रभावहरुको बारेमा सरोकारवाला व्यक्ति र संघसंस्थाहरुसँग सामुहिक छलफल तथा अन्तरक्रिया गरी राय सुझाव संकलन गर्नुपर्ने कानूनी प्रवाधान अनुसार निम्न मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुँदा सम्पूर्ण सरोकारवाला संघ–संस्था र व्यक्तिहरुमा उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

**सार्वजनिक सुनुवाई हुने मिति, स्थान र समय**

| मिति | समय | स्थान |
|---|---|---|
| २०८३।०१।१० | विहान ९ बजे | झापा गाउँपालिका, वडा नं. ५, शरणामती गाउँमा रहेको आयोजना स्थल |

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab

ISO 15189 -2022 certified lab

Birtamode-1, Charpane, Jhapa

023-536070, 9817032003

Email:advancelab2010@gmail.com

## बुलेट ...

सिलिण्डर प्रणालीमा फर्कने विषय अध्ययनकै चरणमा रहेको बताएको छ। निगमका प्रवक्ता मनोजकुमार ठाकुरका अनुसार बजारको अवस्था, आपूर्ति श्रृंखला र सम्भावित संकट पुनः दोहोरिन सक्ने जोखिम सबै पक्ष मूल्याङ्कनपछि मात्र निर्णय हुनेछ।

निगमले हाल वितरणलाई सूक्ष्म व्यवस्थापन गरेर प्राथमिकताका आधारमा ग्यास आपूर्ति गरिरहेको जनाएको छ। कार्यकारी निर्देशक चण्डिका भट्टका अनुसार आपूर्ति करिब १०देखि १५ प्रतिशतसम्म प्रभावित भए पनि बजारमा ठूलो संकट आउन नदिन वितरण प्रणालीलाई चुस्त बनाइएको छ।

आयात संरचनातर्फ हेर्दा नेपालले एलपी ग्यासको ठूलो हिस्सा भारतबाट आयात गर्दै आएको छ। नेपाल आयल निगमले अप्रिल महिनाका लागि विभिन्न पाँच प्रमुख प्रशोधन केन्द्रबाट ग्यास आयात गर्ने कोटा तोकेको छ। निगमले एप्रिल महिनामा बरौनीबाट झण्डै ११ हजार मेट्रिक टन, हल्दियाबाट झण्डै २५ सय मेट्रिक टन, दुर्गापुरबाट झण्डै ९ हजार मेट्रिक टन, पारादिपबाट १६ हजार मेट्रिक टन र मथुराबाट १२ हजार ८ सय मेट्रिक टन जति ग्यास आयात गर्ने कोटा छुट्याएको छ।

अघिल्लो साता मथुरास्थित रिफाइनरीले नेपाल आयल निगमलाई ५११ वटा बुलेटमा ९ हजार २ सय मेट्रिक टन ग्यास उपलब्ध गराउनसक्ने जानकारी गराएको थियो। आयल निगमका अनुसार नेपालमा मासिक करिब ४५ देखि ४६ हजार मेट्रिक टन एलपी ग्यास खपत हुन्छ। तर देशभरका ६० उद्योगसँग करिब १० हजार मेट्रिक टन मात्र भण्डारण क्षमता भएकाले आपूर्ति प्रणाली बाह्य निर्भरतामै आधारित छ।

सिलिण्डर व्यवस्थापनको विवादसँगै आर्थिक पक्ष पनि चर्किएको छ। अघिल्लो हप्ता निगमले १४.२ केजीको सिलिण्डरको मूल्य १०० रुपैयाँले बढाएर २०१० रुपैयाँ कायम गरेको थियो। निगमले अहिले पनि प्रति सिलिण्डर करिब ४१६ रुपैयाँ घाटा रहेको जनाएको छ। आपूर्ति मन्त्रालयका तथ्याङ्क अनुसार एलपी ग्यासले नेपालका कूल आयातको करिब ३.५ प्रतिशत हिस्सा ओगट्छ। चालूआर्थिक वर्षको श्रावणदेखि फागुनसम्म मात्रै नेपालले भारतबाट ३ लाख ७२ हजार मेट्रिक टनभन्दा बढी ग्यास आयात गर्दै करिब ३७ अर्ब रुपैयाँभन्दा बढी खर्च गरेको छ।

गतआर्थिक वर्षमा त यो आँकडा अझ ठूलो थियो- ५ लाख ५४ हजार मेट्रिक टनभन्दा बढी एलपी ग्यास भारतबाट आयात गरिएको थियो भने चीनबाट समेत सानो परिमाणमा आपूर्ति भएको देखिन्छ। मध्यपूर्वीय तनाव, विशेषगरी इरान, अमेरिका र इजरेलबीचको द्वन्द्वका कारण अन्तर्राष्ट्रिय ढुवानी मार्गमा अस्थिरता बढेसँगै नेपालजस्ता आयातमा निर्भर देशहरूमा यसको प्रत्यक्ष प्रभाव देखिन थालेको हो।

यसरी सरकार र उद्योगीबीचको मतभेद, अन्तर्राष्ट्रिय आपूर्ति जोखिम र आन्तरिक भण्डारण सीमितताबीच एलपी ग्यास आपूर्ति व्यवस्थापन अझ जटिल बन्दै गएको छ। उपभोक्ताले कहिलेदेखि पुनः नियमित पूर्ण सिलिण्डर पाउने भन्ने प्रश्न भने अझै अनिश्चित नै छ।

## १० हजारभन्दा ...

शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीमध्ये बुँदा नम्बर ४२ मा सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने व्यवस्था गरिएको छ।


नव बर्ष २०८३को शुभकामना

नववर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

प्रकाश भण्डारीः प्रबन्ध निर्देशक
एवम् सिद्धार्थ शिशु सदन परिवार
भद्रपुर-५, झापा

नव बर्ष २०८३को शुभकामना

नववर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

घनश्याम राईः संस्थापक प्रिन्सिपल
एवम् नेशनल मेरिगोल्ड इ. स्कूल परिवार
भद्रपुर-१०, झापा

नव बर्ष २०८३को शुभकामना

नववर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

नोटः 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान'

टिका दुलालः प्रिन्सिपल
एवम् आदर्श नमूना इ.वो.स्कूल परिवार, भद्रपुर-७, झापा

नव बर्ष २०८३को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

नोटः 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान'

त्रिलोचन भण्डारीः प्रिन्सिपल
एवम् संस्कारा शिक्षा सदन परिवार
हल्दिवारी-१, झापा

नव बर्ष २०८३को शुभकामना

नववर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

सन्देश राईः संस्थापक/ प्रिन्सिपल
एवम् ग्रीन फिल्ड इङ्लिस स्कूल परिवार,
भद्रपुर-२, सीताचोक, झापा

नव बर्ष २०८३को शुभकामना

नववर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

नोटः 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान'

प्रा.डा. पृथ्वीविक्रम राईः प्रिन्सिपल
एवम् एमरेल्ड एकाडेमी, भद्रपुर-७, झापा

# हार्दिक निमन्त्रणा

*आदरणीय सज्जन महानुभाव,*

यस समाजको लागि भूमि खरिद गरी भवन निर्माण जस्तो पवित्र उद्देश्य तथा सामुहिक हितको कार्य, पुण्य आर्जन, पितृमोक्ष, समाज र राष्ट्रहितको कामना गर्दै यही मिति २०८३ साल वैशाख ७ गते सोमबारदेखि १३ गते आइतबारसम्म आचार्य युवा पण्डित **श्री अर्जुन नेपाल**ज्यूको मुखारबिन्दबाट संगीतमय **श्रीमद्भागवत सप्ताह महापुराण कथा प्रवचन तथा आचार्य पण्डित श्री रामप्रसाद मिश्र**ज्यूबाट पाठ पारायण हुने महायज्ञमा स-परिवार पाल्नु भइ कथा श्रवणद्वारा आध्यात्मिक ज्ञान आर्जन गर्नु हुन सादर निमन्त्रणा गर्दै तन, मन, धन र वचनले सहयोग गरिदिन हुन सादर अनुरोध गर्दछौं।

**सम्पर्कः ९८०६०८९९४/९८१६०८३२८६**

आयोजकः
**ज्येष्ठ नागरिक सामुदायिक मिलन समाज**
अर्जुनधारा नगरपालिका-११, सालबारी (झापा)


# बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा
**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

नव बर्ष २०८३को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

नोटः 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान'

ललिता राई
एवम् जनक निकेतन स्कूल परिवार
भद्रपुर-१, झापा

नव बर्ष २०८३को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

नोटः 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान'

इशुभ पाण्डेः प्रिन्सिपल
एवम् प्रज्ञा एकाडेमी परिवार
भद्रपुर-९, झापा

नव बर्ष २०८३को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त कर्मचारी, उपभोक्ता, सरकारी तथा गैह सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

राम गौतम/ओमप्रकाश श्रेष्ठः प्रोपाइटर
सञ्जीव ओम अटो प्लाजा परिवार
बिर्तामोड-४ (भद्रपुर रोड), झापा
फोन नं. ०२३-५३३०४४, ९८४२६२४३०२

नव बर्ष २०८३को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त अभिभावक महानुभाव, विद्यार्थी, सरकारी तथा गैह सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

नोटः 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान'

टिका चुडालः प्रिन्सिपल
एवम् क्यानरी एकाडेमी परिवार
हल्दिवारी-२, झापा


# निर्माण व्यवसायी संघ, झापाको प्रेस विज्ञप्ति

मितिः २०८३/०१/०२

**निर्माण सामग्रीमा भइरहेको अत्यधिक मूल्यवृद्धिले निर्माण उद्योग ठप्प हुने स्थितिमा, निर्माण उद्योगमा 'आपतकाल'**

मध्यपूर्वमा जारी युद्धका कारण निर्माण उद्योगमा प्रयोग हुने डिजेल, पेट्रोल, मट्टितेल लगायतका इन्धन सामग्रीहरूमा पटक-पटक भइरहेको अत्यधिक एवंम् अप्रत्याशित मूल्यवृद्धिले साथै नदीजन्य निर्माण सामग्रीहरु खोलाबाट निकाल्न नपाउनु, व्यक्तिगत जग्गाबाट खरिद गरिएका ढुङ्गा, गिटी, बालुवा ओसारपसारमा स्थानीय निकाय र सुरक्षा निकायको धरपकड हुनुले गर्दा निर्माण उद्योग ठप्प हुने स्थितिमा पुगेकोप्रति यस निर्माण व्यवसायी संघ झापा, नेपाल सरकारसहित सम्बन्धित सबै निकायको गम्भीर ध्यानाकर्षण गराउँदछ।

इन्धनजन्य सामग्रीहरू सहित निर्माण कार्यमा व्यापक प्रयोग हुने बिटुमिन सिमेण्ट, डण्डी लगायत नदीजन्य निर्माण सामग्रीहरूमा समेत निरन्तर भइरहेको अप्रत्यासित एवम् अत्यधिक मूल्यवृद्धि र बजारमा उक्त सामग्रीहरूको अभावले निर्माण उद्योग ठप्प हुने स्थितिमा पुगेको छ। यस बाहेक देशका विभिन्न ठाउँमा कसर उद्योगमा देखिएको समस्या, कतिपय स्थानीय निकायमा काम सम्पन्न गरेतापनि भुक्तानी नपाउनु (समयमै रकमान्तर नहुनु) साथै धेरै व्यवसायीहरुले २०८०/०८१ देखिको पूर्वाधार विकास कार्यालय झापाबाट हालसम्म भुक्तानी नपाउनुले निर्माण व्यवसायीहरु थप आक्रान्त भएका छन्। निर्माण उद्योगको यस्तो अत्यन्त विषम् परिस्थितिका विषयमा केन्द्रीय महासंघले बारम्बार नेपाल सरकार लगायतका निकायहरूमा पत्राचार गरेतापनि समस्या समाधान हुने गरी अहिलेसम्म केही कार्यान्वयन नभएको व्यहोरा अवगत गराउँदछौं।

वार्षिक ठेक्काको कुनै पनि मूल्य समायोजन राख्ने प्रावधान नहुने र मूल्य सायोजन हुने बहुवर्षीय ठेक्काको मूल्य समायोजन राष्ट्र बैंकको मूल्य सूचकांक अनुसार हुने भएकाले बजारमा निर्माण सामग्रीहरूको अत्यधिक मूल्यवृद्धि भएतापनि राष्ट्र बैंकको इन्डेक्समा उक्त सामग्रीहरूको मूल्य घटेको देखाइने प्रचलनका कारण निर्माण उद्योगमा थप संकट देखिएको छ। अतःनिर्माण कार्य तीव्र रुपमा हुने समयमै इन्धन सामग्रीहरूसहित निर्माण सामग्रीहरूमा निरन्तर भइरहेका अत्यधिक मूल्यवृद्धि एवम् अभावले निर्माण व्यवसायीहरूलाई ठूलो आर्थिक भार परेको हुँदा निर्माण उद्योगमा 'आपतकाल' घोषणा गरी व्यवसायीहरूलाई अविलम्ब राहत दिन यस जिल्ला संघ जोडदार माग गर्दछ। साथै प्रत्येक आयोजनामा मूल्यवृद्धि भए अनुरुप हालको कानूनी व्यवस्थाबाट मूल्य समायोजन हुन नसक्ने हुँदा **मूल्य समायोजनको मार्ग निर्देशिका- २** तत्काल जारी गर्न र सबै अवधिका ठेक्काको हकमा मूल्य समायोजनको व्यवस्था गरी मूल्यवृद्धिको समस्याबाट पीडित सबै तह र तप्काका निर्माण व्यवसायीहरूको समस्या तुरुन्त सम्बोधन गर्न निर्माण व्यवसायी संघ झापा सरकार समक्ष अपील गर्दछ।

**पुष्पराज निरौलाः** महासचिव
**निर्माण व्यवसायी संघ, झापा**


नव बर्ष २०८३को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त कर्मचारी, चिकित्सक, सरकारी तथा गैह सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीजनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

प्रधान डाइग्नोष्टिक एण्ड कान्तिपुर मेडिसिन सेन्टर परिवार
बिर्तामोड, झापा
फोन नं. ०२३-५३२८४५

नव बर्ष २०८३को शुभकामना

नव वर्ष २०८३को शुभ अवसरमा हाम्रा समस्त कर्मचारी, चिकित्सक, सरकारी तथा गैह सरकारी संघ-संस्थाका पदाधिकारी, शुभेच्छुकलगायत देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली जनमा सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

शान्ति बुद्ध मेडिकल सेन्टर प्रा.लि. परिवार
बिर्तामोड-१ (अतिथि सदन रोड), झापा
फोन नं. ०२३-५९०२५४


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९७०८८२६९०५) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

# पूर्वाञ्चल

## सम्पादकीय

## मानव तस्करी गम्भीर समस्या

**मानव तस्करी नेपालको ठूलो सामाजिक समस्या हो । यसभित्र यौन व्यापार, मानव अङ्ग प्रत्यारोपण, भाडामा सन्तान उत्पादन र जबर्जस्ती श्रम प्रमुख थिए । मानव तस्करी गम्भीर अपराध हो, जसले मानव अधिकार सामाजिक संरचना र अर्थतन्त्रलाई प्रभाव पार्दछ । आर्थिक प्रलोभनमा पारेर गैरकानूनी रुपमा तस्करी गर्ने र बन्धक बनाएर विभिन्न प्रकारका काममा लगाइन्छ जहाँ उनीहरु माथि शोषण गरिन्छ । पछिल्लो मानव तस्करीको रुप अझै व्यापक भएको छ जहाँ आर्थिक रुपले कमजोर युवाहरुलाई विभिन्न प्रलोभनमा पारेर राम्रो आम्दानी हुने वाचा गरिन्छ ।**

**नेपाली युवाहरुलाई सजिलै प्रशस्त धन कमाइने विश्वास दिलाएर तस्करीको शिकार बनाएको घटनाहरु सार्वजनिक भएका छन् । आर्थिक रुपले कमजोर, गरीब तथा आर्थिक असमानताको फाइदा उठाउँदै नेपाली युवाहरु तस्करीमा पर्ने गरेका छन् । त्यस्तै संघर्ष, युद्ध, जातीय असमानता एवम् सामाजिक अस्थिरताले पनि मानव तस्करीले मलजल गरिरहेको छ । त्यसैगरी अशिक्षा र चेतनाको कमीका कारण कतिपय युवा तस्करको जालमा पर्ने गरेका उदाहरण पनि छन् । गैर कानूनी रुपले विदेश पुऱ्याइएका युवा शारीरि, मानसिक र भावनात्मक शोषणको शिकार हुन्छन् । यस्तो तस्करीले समाजमा अन्याय र असमानता ल्याउँछ र कतिपय अवस्थामा तस्करीमा परेका व्यक्तिको स्वास्थ्यमा गम्भीर असर पर्छ, शारीरिक चोटपटक, मानसिक स्वास्थ्यमा असर पर्न सक्छ र कति संक्रामक रोगको शिकार पनि हुन्छन् ।**

**युद्धग्रस्त रुसी सेनामा भर्ना गर्ने र प्रशस्त धन कमाउने प्रलोभनमा नेपाली युवा तस्करी गर्ने घटनामा संलग्न केही व्यक्ति पक्राउ परेका छन् । उनीहरुबाट विभिन्न व्यक्तिको पासपोर्ट पनि बरामद भएको प्रहरीले जनाएको छ । तर, तिनका बारेमा किटानी जाहेरी नपरेका कारण उनीहरु बिरुद्ध मानव तस्करीको किटानी जाहेरी परेको छैन जसले मुद्दालाई कमजोर पार्ने देखिएको छ । रुसी सेनामा भर्ती हुन गएका केही नेपाली युवा रुसमा पुगेर अलपत्र परेर नेपाल फर्किएका पनि छन् । राष्ट्रिय मानव अधिकार आयोगले सार्वजनिक गरेको प्रतिवेदनमा रुस नेपाली नागरिकको तस्करीको एउटा गन्तव्य देशका रुपमा रहेको देखाइएको छ । तीन लाख रुबल मासिक, सेनामा एक वर्ष काम गरेपछि नागरिकता, राहदानी, एक वर्ष पूरा भएपछि तीस लाख रुबल अनुदान दिने प्रलोभन देखाएको प्रतिवेदनमा उल्लेख छ ।**

**यसरी तस्करीमा पर्नेमा नेपाली सेना, प्रहरीबाट अवकाश प्राप्त नेपाली पनि छन् । त्यहाँको भूगोल, सैन्य तालिम र ज्ञान बिना पठाइएका नेपाली युद्धमा मारिएका छन्, घाइते र कति युक्रेनी सुरक्षा निकायद्वारा बन्धन बनाइएका पनि छन् । यस्तोमा वर्तमान नेपाली सरकारले मानव तस्करीबिरुद्ध कडा कानूनी कारवाही गर्न कानूनी संरचना नै परिवर्तन गर्न आवश्यक छ । तस्करीको जोखिमबाट सुरक्षित राख्न जनचेतना र शिक्षा दिँदै पीडितहरुलाई पुनर्स्थापना र रोजगारको अवसर प्रदान गर्ने नीति कार्यान्वयन गर्नुपर्छ । त्यसका लागि अन्तर्राष्ट्रिय समुदायसँग सहयोग लिएर मानव तस्करीको सम्पूर्ण समाधान खोज्नुपर्छ ।**

# लायन्स क्लव र पूर्वाञ्चलका ढकालद्वारा सहयोग



**बिर्तामोड, बैशाख २।** नेत्रहीन संघ झापाले जंघबहादुर बोगटीको जन्म जयन्ती तथा तीन महिने संगीत तालिमको उद्‌घाटन कार्यक्रम सम्पन्न गरेको छ ।

बिर्तामोड नगरपालिका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाको प्रमुख आतिथ्य तथा नेत्रहीन संघ झापाका अध्यक्ष होमनाथ राजवंशीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष उत्तम खतिवडाले स्वागत गरेका थिए

कार्यक्रममा झापा नेत्रहीन संघका सदस्यलाई सहायक सामग्री सेतो छडी तथा झुल वितरण गरेको थियो । लायन्स क्लब बिर्तामोड स्मार्ट लेडीका सदस्यहरु शोभा प्रधान र पार्वता गिरीका छोरा सन्दीप गिरीको जन्मदिनको अवसरमा उनीहरुबाट प्राप्त ५० वटा झुल वितरण गरिएको थियो ।

सोही अवसरमा पूर्वाञ्चल दैनिकका व्यवस्थापक चन्द्रकान्त ढकालले संस्थाका अध्यक्ष राजबंशीलाई नगद पाँच हजार सहयोग हस्तान्तरण गरेका थिए ।

लायन्स क्लव बिर्तामोड स्मार्ट लेडीका अध्यक्ष यशोदा उप्रेतीले सामाजिक तथा परोपकारी कार्य गर्दै आएको क्लवले झुलको आवश्यकता बुझेर सहयोग गरिएको बताइन् ।

पूर्वाञ्चल दैनिकका व्यवस्थापक ढकालले अपाङ्गता भएका व्यक्तिको समस्याका बारेमा आफू जानकार भएको भन्दै संस्थाको व्यवस्थापनमा सहजताका लागि सानो सहयोग गरेको बताए ।

नेत्रहीन संघ झापाका सल्लाहकार संयोजक द्रोर्णचार्य निरौलाले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा प्रमुख अतिथि उपमेयर संग्रौला, कियाचु बिर्तामोड नगर अध्यक्ष हिमालयप्रकाश कन्दङ्वा, पूर्वाञ्चल दैनिकका व्यवस्थापक ढकाल, लाइन्स क्लव बिर्तामोड स्मार्ट लेडीकी अध्यक्ष उप्रेती, नेत्रहीन संघका सल्लाहकार प्रेमप्रकाश सिटौला लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

संघका अध्यक्ष राजवंशीले आफूहरुलाई उपेक्षा गरिएको गुनासो गर्दै नेत्रहीनलाई दयाभन्दा क्षमता विकासका तालिम र योग्यता अनुसार रोजगारीको ग्यारेन्टी गर्न सरकारको ध्यानाकर्षण गराए । उपप्रमुख संग्रौलाले संघका ज्येष्ठ सदस्यलाई सम्मान गरेको कार्यक्रमको सञ्चालन संस्थाका सचिव दिलकुमार राजवंशीले थिए ।

# लुङ्गिनका किसान व्यावसायिक सुन्तला खेतीमा आकर्षित

**भोजपुर, बैशाख २।** भोजपुरको हतुवागढी गाउँपालिका-२ लुङ्गिनका किसानहरू पछिल्लो समय व्यावसायिक सुन्तला खेतीतर्फ आकर्षित हुन थालेका छन् ।

परम्परागत अन्नबालीमा निर्भर रहेका यहाँका किसानहरू आम्दानी बढाउने लक्ष्यसहित फलफूल खेतीतर्फ उन्मुख भएका हुन् । लुङ्गिन क्षेत्रको हावापानी र माटो सुन्तला खेतीका लागि उपयुक्त मानिएकाले यहाँ सुन्तला खेती विस्तार हुँदै गएको स्थानीय किसान शम्भु राईले बताए । उनका अनुसार विगतमा घरायसी प्रयोजनका लागि सीमित रूपमा गरिँदै आएको सुन्तला खेती हाल व्यावसायिक रूपमा विस्तार हुन थालेको छ ।

किसानलाई व्यावसायिक खेतीतर्फ आकर्षित गर्न हतुवागढी गाउँपालिकाले विभिन्न अनुदान तथा प्राविधिक सहयोग कार्यक्रम सञ्चालनसमेत सञ्चालन गर्दै आएको छ । सुन्तलाका बिरुवा वितरण, बगैँचा व्यवस्थापन तालिम, मलखाद तथा रोग व्यवस्थापन सम्बन्धी सहयोगले किसानलाई थप हौसला मिलेको राईको भनाइ छ ।

हतुवागढी-२ लुङ्गिनका वडाध्यक्ष विचारी थापाले फलफूल खेती मार्फत किसानको आयआर्जन बढाउने लक्ष्यसहित सुन्तला खेतीलाई प्राथमिकतामा राखिएको बताए । किसानलाई प्रोत्साहन गर्न वडाको बजेटमा नर्सरीसमेत विस्तार गरिएको र वडाले समय-समयमा सुन्तला, एभोकाडो, कागतीका बिरुवासमेत वितरण गर्दै आएको उनले जानकारी दिए ।

स्थानीय कृषक प्रशुराम राईका अनुसार सुन्तला खेतीबाट राम्रो आम्दानी हुन थालेपछि किसानहरू यसतर्फ आकर्षित भइरहेका छन् । आफ्नो बारीमा हाल एक सय ५० बोट हारहारी सुन्तला रहेको उनले बताए ।

त्यस्तै गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत महेश निरौलाले लुङ्गिन क्षेत्र फलफूल खेतीका लागि उपयुक्त भएकाले सुन्तला खेतीलाई प्राथमिकतामा राखिएको बताए ।

गाउँपालिका अध्यक्ष प्रेमकुमार राईले सुन्तला खेती मार्फत किसानलाई आत्मनिर्भर बनाउने लक्ष्य रहेको बताए । फलफूल खेतीको माध्यमबाट किसानको आयस्तर सुधार गर्ने लक्ष्यले भूगोलअनुसार फलफूल खेतीमा जोड दिएको उनले बताए ।

स्थानीय तहको सहयोग, उपयुक्त हावापानी र बजारको पहुँचका कारण लुङ्गिन क्षेत्र सुन्तला उत्पादनको उदीयमान केन्द्रका रूपमा विकास हुँदै गएको छ ।


**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
**सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

**शुद्ध दूधको स्वस्थ उत्पादन**
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईंहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दुग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
**कालिका डेरी,**
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**विद्युत सामग्री मर्मत**
यहाँ मोटर, पंखा, जग, मिक्चर लगायत सम्पूर्ण विद्युतीय उपकरणहरु ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
स्थान : हिकोला हेरीटेजबाट उत्तर डेनियल होटल निस्किने गल्लीमा
**शिवशक्ति इलेक्ट्रीकल**
प्रो. सुरेश पोखेल
फोन :- ९८१७९४७५६७

**कलर दोकानको रंगिन बहार**
यहाँ इन्डीगो र के.एन.पी. ब्रान्डका सम्पूर्ण कलरहरु विगत १४ वर्षदेखि बिक्री गरी ग्राहकहरुलाई सेवा दिइरहेका छौं । साथै दक्ष पेन्टरद्वारा आफूले चाहे जस्तै कलरमा घरलाई आकर्षक बनाउन हामीलाई सम्झनुहोस् ।
**कलर दोकान**
बिर्तामोड नगरपालिका-४, भद्रपुररोड ने.वि.प्रा. गेट पूर्व
फोन नं. : ९८५२६७२२२०

**SUNMAI SPRING**
'थोपा-थोपामा जीवन छ'
HACCP | ISO 9001:2015 | स्वदेशी
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं ।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
नि:शुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरू: बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

अब बिर्तामोडमा
**डा. पितामबर ठाकुर**
MBBS. MD(TU) NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईंलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या | बाथ | मुटु सम्बन्धी समस्या | थाईराईड | राति निद्रा नलाग्ने | रक्तचाप | छाती दुख्ने | मधुमेह | फोक्सो सम्बन्धी समस्या
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771 | (+977) 023-590008
THAKUR POLYCLINIC, Birtamode-1, Jhapa, Nepal, Opposite of Paschim Bus Stand

**अब विद्युतीय वाइक बिर्तामोडमा**
वर्तमान इन्धन अभावलाई मध्यनजर गर्दै बिजुलीबाट घरमा सजिलै चार्ज गर्न सकिने तराई पहाडका बाटोमा प्रयोग गर्न मिल्ने विद्युतीय साइकल, स्कुटर किस्ता सुविधामा पनि उपलब्ध छ । चाडै सम्पर्क गर्नुहोला ।
सम्पर्क
बिर्तमोड-४, भद्रपुररोड, नेपाल विद्युत प्राधिकरण गेट पूर्व लक्ष्मण मार्केट
फोन : ९८५२६४२७२७, ९८०५५८२७२७

**आधुनिक कृषि औजार चाहिएमा**
के तपाईंलाई आधुनिक कृषि औजार चाहिन्छ । प्रिय कृषक दाजुभाइहरु, तपाईहरुलाई धान गोड्ने, मकै तथा आलु गोड्ने, फलामे हलो, कर्न सिड लाइनर, किटको हलो, गोवर व्यारो, कम्बाइन सेट, स्टिक कर्न सिडर नग्रे चाहिएमा हामीलाई सम्झनु होस् । यहाँ अफिस, स्कूल, कलेज, बगैंचा सजावटका लागि फूल रोप्ने स्टेण्ड समेत उपलब्ध छ । नेपालभरि होम डेलिभरीको व्यवस्था छ ।
**कनकाई एग्रो इन्जीनियरिङ**
कनकाई-३, सुरुङ्गा, झापा
प्रो. केशर खड्का
फोन: ९८१६०६००४८, ९८४२१०५५९०

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**दृष्टि DRISHTI Eye Care System**
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**उक्त सबै रोगहरूको तत्काल उपचार**
तारा होमियो फार्मेसीमा सम्पूर्ण होमियोप्याथिक औषधि उपलब्ध हुनुका साथै डाक्टरको सेवा पनि उपलब्ध छ ।
पेटका रोगहरु: ग्यास्ट्रिक, पेट दुख्ने, पोल्ने, खाना नपच्ने, अरुचि, पाइल्स, फिस्टुला फिस्सर, मलद्वारमा मासु पलाउने, कब्जियत, जण्डीस
- लिभरका रोगहरु
- महिलाको महिनावारी गडबडी, सानो पेट दुख्ने, पोल्ने, सुन्निने, सेतोपानी जाने, ढाड दुख्ने, स्थनका गाठागुठी आदि ।
- अनुहारको चायाँ पोतो, डण्डिफोर, मुसा, खिल, अैजेरु, दम, खोकी, बाथ, मृगौलाको पत्थरी, टाउको दुख्ने, निद्रा नलाग्ने, रुघा लागिरहने, एलर्जी, नाक बन्द हुने, नाकमा मासु पलाउने, पिनास, जोर्नी दुख्ने, युरिक एसीड, थाइराइडको समस्या, स्त्री तथा पुरुषका विभिन्न गुप्तरोगहरु, सुगर, ब्लड प्रेसर, कपाल झर्ने, मोटोपन घटाउने आदि ।
**तारा होमियो फार्मेसी**
बिर्तामोड, झापा
फोन नं.:- ०२३-५३१२९८, ९८५२६७२३१६

**वैदेशिक रोजगार**
यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ । सम्पर्क गर्नुहोला ।
सम्पर्क: ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३
बिर्तामोड, झापा
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED

**UNited International Group**
**UAE मा रोजगारीको अवसर**
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
**ASIA LINK SERVICES (P) LTD .**
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email: asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

**उच्च गुणस्तर सुलभ मूल्य**
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईंलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

**Ganapati Bakers**
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

**सिलिङ सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ साथै पीभीसी सिलिङ र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

**घर ढलान गर्नुछ ?**
तपाईंको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नु परेमा सधैं सम्झनुहोस् ।
सेवामा २४सैं घण्टा उपलब्ध छौं ।
सम्पर्क : ९८०२३१३२९०, ९८२४०५७७०७, ९८०२३१३२९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क: राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)


## आजको राशिफल

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - मन प्रशन्न रहला, धन, स्वास्थ्य लाभका साथै सुख प्राप्त, शत्रुमाथि विजय प्राप्त हुनेछ, शुभ खबर सुन्न पाइने छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - समय फलदायी छ, उपहार प्राप्तिको योग छ, आज छोटो दुरीको रोमान्टीक यात्रा हुनाले मन प्रशन्न रहने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धिको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्नै लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - समय सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा भएको वादविवाद मिल्नेछ धैर्य रहनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - व्यापार-व्यवसायमा लाभदायक योग रहेको छ, अचानक धन लाभ होला, मिष्ठान्न भोजन प्राप्त हुनाले मन प्रशन्न रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** - समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** - स्वास्थ्य प्रतिकुल बनेर जानेछ, लामो समयदेखि परिएको अनावश्यक झमेलाबाट छुटकारा मिल्ने योग आएको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** - आजबाट तपाईंको फाइदाजनक समय शुरु भएको छ, पशुचौपायासँग सम्बन्धित कामबाट यथेश्ठ लाभ मिल्नाले मन खुशी रहने छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - व्यापार-व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - आजबाट उत्साह-उमँग बढ्ने छ, अनावश्यक चिन्ताले हटेछ जानाले मन शान्त रहने छ, विशेष योजना बन्ने ।

**मिति २०८३/०१/०२ बुधबारको सुनचाँदी मूल्य**

छापावाला सुन प्रति तोला रु. ३०२,७००/-

चाँदी प्रति तोला रु. ५,२२०/-

